माछापुच्छ्रे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की

mpgaupalika@gmail.com

गण्डकी प्रदेश, नेपाल

प.सं. २०७५/०७६

च.नं.

मिति: २०७५/११/१७

## शोक विज्ञप्ति

यहि मिति २०७५ साल फाल्गुन १५ गते दिनको १:३० बजे प्रदेश नं. १ को ताप्लेजुङ्ग जिल्ला, फुङ्लिङ्ग नगरपालिका-१० सिस्नेभीरमा एयर डाईनेस्टीको हेलिकोप्टर दुर्घटनामा परी नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री माननीय रबिन्द्र प्रसाद अधिकारीसहित पर्यटन उद्यमी, राष्ट्रसेवक कर्मचारी र चालक लगायत ७ जनाको अकल्पनीय र असामयिक निधनले हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौ।

कास्की जिल्लाको साबिक भरतपोखरी गा.वि.स. हाल पोखरा महानगरपालिका वडा नं. ३३ जामुनबोटमा आमा लक्ष्मी अधिकारी र पिता इन्द्र प्रसाद अधिकारीको जेष्ठ सन्तानको रुपमा मिति २०२६ साल बैशाख २२ गते आइतबारका दिन जन्मनुभएका एक असल, मृदुभाषी, जुझारु, निर्भिक, सृजनशील, र बिकासप्रेमी नेताको रुपमा स्थापित हुनुभएका स्वर्गीय अधिकारी कास्की जिल्लाबाट २०६४ र २०७० सालमा संबिधान सभा सदस्यको रुपमा र २०७४ सालमा प्रतिनिधि सभा सदस्यको रुपमा लगातार तेस्रोपटकसम्म निर्वाचित हुनुभएको थियो।

स्व. रबिन्द्र प्रसाद अधिकारीको निधनबाट राष्ट्रले एक होनाहार, विकासप्रेमी, भरोसायोग्य, जनप्रेमी युवानेता गुमाएको छ। यस दुखद क्षणमा दिवंगत माननीय स्व. रबिन्द्र प्रसाद अधिकारी लगायत अन्य दिवंगत सम्पूर्ण महानुभावहरु प्रति हार्दिक भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दै उहाँहरुका शोकसन्तप्त परिवार र आफन्तजनमा हार्दिक समवेदना प्रकट गर्दछौ।

०७५।११।१७

कर्ण बहादुर गुरुङ

अध्यक्ष